आज मिति २०७६ मंसिर ५ गते विहीबार दिनको २:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौंमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. सदस्य सचिव श्री दिपक कोइराला

**विषयहरु :-**

१. भ.न.पा. वडा नं.१ सल्लाघारीस्थित १०८ रोपनी जग्गा लिजमा लिनेबारे ।

२. समिति निर्णय अनुमोदनबारे ।

३. विविध ।

**निर्णयहरु :**

१. साविक कटुन्जे ९(ख) हाल भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारी स्थित नेपाल ट्रष्टको नाममा रहेको कि.नं. ५४० क्षे.फ १०८–२–१–० रोपनी जग्गा संरक्षणको अभावमा अतिक्रमणका कारण हाल नापजाँच गर्दा जम्मा १०६-४-३-२.१८ रोपनी मात्रै बाँकी रहेको र यसलाई समयमा संरक्षण गर्न नसकेमा अझ निरन्तर अतिक्रमण भइरहने देखिएकोले र उक्त ठाउँमा जथाभावी पार्किङ्ग गर्ने र सामानहरु तथा फोहर फाल्ने समेत गरेको कारण वातावरण समेत प्रदुषित भएकोले उपर्युक्त विषयहरुलाई ध्यानमा राखेर भक्तपुर नगरपालिकाले च.नं. १४४९ मिति २०७५।९।१० को पत्रमार्फत नेपाल ट्रष्टलाई जानकारी दिई उक्त जग्गाको संरक्षणका लागि जग्गाको चारैतर्फ पर्खाल बनाउने कार्यको थालनी गरी कार्य सम्पन्न गरी राज्यको सम्पत्तिको रुपमा रहेको उक्त जग्गालाई पर्खाल लगाई आवश्यकता अनुसार गेटहरु राखी संरक्षण गरिएको, उक्त जग्गाको पश्चिम र उत्तरतर्फको सडक मापदण्ड र नेपाल ट्रष्टको नाममा रहेको जग्गा समेत अतिक्रमण हुने गरी विभिन्न व्यक्तिहरुले टहरालगायतका संरचना बनाएकोलाई हटाउन यस नगरपालिकाले सूचना दिई हाल सो क्षेत्रमा अतिक्रमित संरचना सम्बन्धित व्यक्ति र अटेर गर्नेको हकमा नगरपालिकाको तर्फबाट हटाउने कार्यसमेत गरिसकेको, मिति २०७५।१२।१ गते भक्तपुर नगरपालिकामा नेपाल ट्रस्टका सचिव गजेन्द्र कुमार ठाकुरको समेत उपस्थितिमा संयुक्त बैठक बसी उक्त जग्गा भक्तपुरवासी जनताको हितमा अधिकतम सदुपयोग गर्ने र नगरपालिकाको उक्त जग्गा संरक्षणको लागि गरेको पर्खाल निर्माण कार्य सकारात्मक रहेको विषयमा समेत सहमति भएकोबारे यस भक्तपुर नगरपालिकाको च.नं. ६०१ मिति २०७६।६।१३ को पत्र मार्फत नेपाल ट्रष्टको कार्यालयलाई जानकारी गराइएको र सर्वसाधारण जनताका छोराछोरीहरुलाई सुलभ शुल्कमा मेडिकल शिक्षा दिने उद्देश्यकासाथ मेडिकल कलेजसहितको ख्वप विश्वविद्यालय भक्तपुर नगरपालिकाको तर्फबाट उक्त जग्गामा स्थापना गर्नका लागि मिति २०६४।२।१० गते र २०६८।९।२५ मा गृह मन्त्रालयमा निवेदन गरेकोमा उक्त जग्गा नेपाल ट्रष्ट ऐन २०६४ को दफा ५(२) (क), (ख), ३, ३(क) र ३(क) १ एवं सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्य नीति २०७१ को दफा ५(ग) वमोजिम दिर्घकालीन ३० वर्षसम्मका लागि ऐ कार्यनीतिको दफा १३ वमोजिम भक्तपुर नगरपालिकाले लिजमा लिने र सोको लागि नेपाल ट्रष्टको कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो ।

२. विभिन्न समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

आर्थिक समिति

मिति २०७६।८।१ गतेको आर्थिक समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. सम्पत्ति कर मूल्यांकन अन्तर्गत घर जग्गा करको बक्यौतामा लाग्ने जरिवाना (हर्जाना) मा ५० प्रतिशत छुट २०७६ कार्तिक मसान्तसम्म दिइएकोमा नगरवासीहरुको माग र अनुरोधलाई मनन गरी उक्त छुटको म्याद २०७७ असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

३. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. आ.व. २०७६/७७ को लागि यस नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने जेहेन्दार तथा विपन्न विद्यार्थीहरुलाई शैक्षिक ऋण दिन दिएको सार्वजनिक सूचना अनुसार प्राप्त निवेदनहरुलाई सबै वडाको लागि एकीकृत वस्तुनिष्ठ सूचकांक निर्धारण गरी अध्ययन गर्न ५ दिनको म्याद राखी पुनः सम्बन्धित वडाहरुमा पठाउने निर्णय गरियो ।

ख. मिति २०७६ कार्तिक २८ गते प्राप्त सिन्धु नेवाः खल चौताराको पत्र सम्बन्धी छलफल हुंदा तहां मिति २०७६ मंसिर ७ गते हुने सांस्कृतिक दिक्षान्त समारोह २०७६ मा प्रदर्शन गर्नको लागि गलसी पुखु माक प्याखं पठाउने निर्णय गरियो ।

ग. भक्तपुर नगरपालिकाको आयोजना र एपेक्स पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा.लि.को प्राविधिक सहयोगमा हेपाटाइटिस बी रोग परीक्षण सम्बन्धी स्वास्थ्य शिविर संचालन गर्ने निर्णय गरियो ।